

# नमस्कार साथीहरू

म **सयपत्री बालक्लब हुँ** । 'बालक्लब' शब्द त्यति नौलो होइन । तपाईं पनि कुनै बालक्लबको सदस्य हुनुहुन्छ होला र तपाईंको बालक्लब र मेरो नाम मात्र फरक होला ।

आज म बालक्लब के हो र यसले केकस्ता कामहरू गर्दछन् भनेर बताउन लागिरहेको छु ।

आजभन्दा महिना दिनअगाडि, मिहिनेती र जाँगरिला विद्यार्थीहरूबाट उनीहरू पढ्ने विद्यालयमा मेरो स्थापना भएको हो । तर मजस्तै अरू केही बालक्लबहरू टोल र गाउँमा पनि बनेका छन् ।

मेरा सदस्यहरूलाई बालक्लबको बारेमा पहिले थाहा नै थिएन । एकदिन सिविसको दाजु तथा दिदीहरूले हाम्रो स्कूलको शिक्षक/शिक्षिकासँग विद्यालयमा बालक्लब चाहिन्छ भनेर कुराकानी गर्नुभयो । त्यसपछि सर र मिसले बालक्लब खोल्नु राम्रो रहेछ भनी बुझ्नुभएपछि उहाँहरूकै सहयोगमा सिविसका दाजु र दिदीहरूले कक्षा ५ देखि ९ सम्मका प्रत्येक कक्षामा गएर विद्यार्थीहरूसँग बालक्लबको बारेमा छलफल गर्नुभयो । त्यसपछि स्कूलछुट्टी हुनेबित्तिकै हामी सबै जना मिलेर बालक्लब बनायौं । त्यहीँ बेला मेरो नाम पनि राखियो- 'सयपत्री बालक्लब' ।

मेरा सदस्यहरूले बालक्लबको नाम राख्न निकै छलफल गर्नुभयो । उहाँहरूले विभिन्न राम्रा नामहरू खोज्नुभयो । सबैको सहमतिमा उहाँहरूले 'सयपत्री बालक्लब' भन्ने नाम जुराए । सयपत्री फूल धेरै पत्रहरू मिलेर सुन्दर बनेझैँ, सबै बालबालिकाहरू एकै ठाउँमा मिलेर राम्रो काम गर्दा सुन्दर हुने सोचेर नै साथीहरूले सयपत्री नाम जुराएका हुन् ।

तपाईंहरूलाई थाहा छ ? कन्सोर्टियम भन्ने बालक्लब खोल्ने संस्थाहरूको पनि संस्था छ । त्यसले भनेअनुसार मेरो जस्तै उद्देश्य बोकेका नेपालमा म जस्ता बालबालिकाहरूको क्लब ७ हजारभन्दा पनि धेरै छन् रे । कतै सडक बालबालिका, कतै गलैंचा कारखानामा काम गर्ने साथीहरूको बालक्लब पनि गठन भएको छ रे । तर सबैजसोको उद्देश्य मिल्दाजुल्दा छन् । बालबालिकाहरूलाई एकजुट गराई असल काम गर्न लगाउने, अरू सदस्यहरूलाई बालअधिकारको बारेमा सिकाउन र बताउन सक्ने बनाउने, सँगै पढ्ने, खेल्ने, सल्लाह र सुझाव लिन र दिन सक्ने बानी विकास गराउने, आफ्नो अधिकारको बारेमा जान्न र बुझ्न सक्ने बनाउने, बालबालिकामाथि हुनसक्ने विभिन्न खाले दुर्व्यवहार विरूद्ध आवाज उठाउन सक्ने बनाउने सबैको उद्देश्य हो ।

मेरो पनि आफ्नै उद्देश्य र विशेषता छ । मेरो मुख्य उद्देश्य घरेलु बालश्रमिकहरूको अवस्थामा सुधार ल्याउने र उनीहरूलाई परेका समस्या, पिरमर्काको बारेमा छलफल गरी सक्दो सहयोग पुऱ्याउनु हो ।



## सयपत्री बालक्लबका नियमहरू :

- हरेक शुक्रबार विद्यालयमा कक्षा सकिएपछि भेला हुने ।
- भेला, बैठक र कार्यक्रमहरूमा सबै सदस्यहरू समयमा नै आउने ।
- हरेक पटक आउँदा नयाँ सदस्य साथीहरूलाई सुरूमा नै परिचय गर्न लगाउने ।
- घरेलु बालश्रमिकको अधिकारका पक्षमा र बाल संरक्षणका लागि विभिन्न कार्यक्रमहरू गर्ने ।
- क्लबका सबै साथीहरू एकअर्कासँग आदरका साथ बोल्ने र एक आपसमा मिलेर बस्ने ।
- क्लबका सामानहरू प्रयोग गरिसकेपछि पुनः त्यही स्थानमा राख्ने र फर्काउने ।
- सबै साथीहरू पालैपालो मिलेर खेल्ने, पुस्तकहरू पढ्ने र एक अर्कालाई सिक्ने, सिकाउने ।
- क्लब कोठा तथा सामग्रीहरू सधैँ सफा र सुरक्षित राख्ने ।

त्यसैले मेरा धेरै सदस्यहरू अर्काको घरमा काम गर्दै र पढ्दै गरेका बालबालिकाहरू छन् । मेरो आफ्नै नियमहरू पनि छन्, जसलाई मेरो बालक्लबका सदस्यहरूले मिलेर आफैँ बनाएका हुन् ।

मेरा सदस्यहरू ८ देखि १६ वर्षका छन् र सबै विद्यालयका विद्यार्थीहरू हुन् ।

मेरा सदस्यहरू प्रत्येक शुक्रबार भेला हुन्छन् । सबै सदस्यहरू मिलेर खेल्ने, रमाइला र ज्ञानगुन कुराका छलफल गर्ने, जनचेतनामूलक सडक नाटक देखाउने, सरसफाइ गर्ने, बालबालिकामाथि हुने विभिन्न खाले हिंसा र दुर्व्यवहारका बारेमा छलफल गर्नेजस्ता कामहरू पनि गर्दछन् । साथै एक जनाले सिकेको कुरा अरू साथीलाई पनि जानकारी गराउने गर्दछन् ।

मेरा सदस्यहरूले वर्षभरि र महिनाभरिको कार्ययोजना पनि बनाउँछन् । कार्ययोजना भनेको केकस्ता कार्यक्रम कहिले ? कहाँ ? किन ? गर्ने र कसको के सहयोग कसरी लिने भनी तयार गर्ने हो । हरेक पटक भेलामा अब के गर्ने ? भन्ने विषयमा क्लबका अध्यक्षले कार्ययोजनामा भएको कुरा सुनाउनुहुन्छ अनि सबै साथीहरूले त्यसमा छलफल गर्छन् र आफ्नो जिम्माका एउटा-एउटा काम लिन्छन् र त्यसै अनुसार कार्यक्रम गर्ने गर्छन् । यसो गर्दा सबै जनालाई सहभागी गराउन पनि सकिने र कार्यक्रम गर्न पनि सजिलो हुने रहेछ ।



## संक्षिप्तमा

**बालक्लब भनेको बालबालिकाको हक अधिकार संरक्षित गर्न र यस सम्बन्धी जनचेतना जगाउनका लागि बालबालिकाहरू मिलेर बनेको बालबालिकाको सङ्गठन हो । यस्ता बालक्लबहरू नेपालका थुप्रै ठाउँमा स्थापना भएका छन् । तर बालक्लबहरू स्थान विशेष अनुसार कतै कतै स्कूलको सहयोग लिएर स्कूलमा त कतै समुदायको सहयोग लिएर समुदायमा पनि स्थापना भएको हुन्छ । यसरी बालक्लबहरूका आफ्ना उद्देश्य प्राप्तीकालागि तथा बालक्लब सजिलो गरी सञ्चालन गर्नका लागि विभिन्न कार्ययोजना तथा नियमहरू पनि बनाएका हुन्छन् र नियमित रूपमा भेला भई छलफल गर्ने र कार्यक्रमहरू आयोजना गर्ने गर्छन् ।**



**अब तपाईंहरूको बालक्लबको बारेमा पनि बताउनुहोस् न ।**

- तपाईंको बालक्लबको नाम के हो ?
- यो स्थापना भएको कति वर्ष भयो ?
- यो विद्यालयमा कि समुदायमा कहाँ छ ?
- तपाईंको बालक्लबका उद्देश्य के-के हुन् ?
- तपाईंको बालक्लबका नीति नियमहरू तथा कार्ययोजना के-के छन् ?
- तपाईंको बालक्लबका सदस्यहरू कुन क्षेत्र र जातिबाट आएकाहरू छन् ?



# सदस्य र समिति

तपाईंहरूलाई मेरा सदस्यहरू कस्ता छन् भन्ने लागिरहेको होला, हैन त ? अब म तपाईंलाई मेरा सदस्यहरू र उनीहरूको समितिको बारेमा बताउँछु ।

कुनै पनि संघ, संस्था, क्लब वा समूह एक्लो व्यक्तिबाट मात्र बन्दैन । त्यसका लागि धेरै मानिसहरू मिलेर काम गर्नुपर्दछ । हो, तिनै व्यक्तिहरू, जो कुनै समूह, संस्था वा क्लबको नियमलाई मानेर त्यसको उद्देश्यमा सहमत भई संलग्न हुन्छन्, तिनैलाई सदस्य भनिन्छ । विभिन्न क्लबहरूले आफ्नो सदस्यको लागि सदस्यता पत्र दिएका हुन्छन् भने उनीहरूको रेकर्ड राख्न सदस्यता फारमहरू भर्न लगाएर क्लबमा सुरक्षित राखिएको पनि हुन्छ ।

मेरा सदस्यहरूले सदस्य बन्नका लागि विभिन्न नियमहरू बनाएका छन् । ती नियमहरू यस्ता छन् :

- सदस्य हुनका लागि बालक्लब स्थापना भएको विद्यालयको विद्यार्थी हुनुपर्नेछ ।
- घरेलु बालश्रमिकलाई विशेष प्राथमिकता दिइनेछ ।
- कुनै पनि विद्यार्थी, जो ८ देखि १६ वर्ष उमेर समूहका छन् अथवा ५ कक्षादेखि १० कक्षासम्मका विद्यार्थीहरू छन्, उनीहरू बालक्लबको सदस्य बन्न सक्नेछन् ।

- बालक्लबको परिचय-पत्रको निम्ति सदस्यता शुल्क १० रूपैयाँ प्रत्येक सदस्यले बुझाउनु पर्नेछ र मासिक रूपमा दुई रूपैयाँ बुझाउनु पर्नेछ ।
- क्लबको सदस्यता प्राप्त गरेपछि सदस्यहरूले बालक्लबमा आयोजना हुने कार्यक्रमहरूमा सहभागी हुनु पर्नेछ ।
- बालक्लबमा आएपछि प्रत्येक बालबालिकाले क्लबका नियम तथा अनुशासनको पालना गर्नुपर्नेछ ।
- क्लबमा जानकारी नदिइकन दुई महिनासम्म उपस्थित नभएमा, सदस्यताको नामावलीबाट नाम काटिनेछ । फेरि सदस्य बन्न चाहेमा पहिलेदेखिकै प्रक्रिया अपनाउनु पर्नेछ ।
- तर कसै कसैसँग पैसा छँदै छैन वा धेरै जना दाजुभाइ, दिदीबहिनी भएकाले एकै परिवारबाट एकमुष्ट धेरै पैसा तिर्नुपर्ने भएर अप्ठेरो भयो भने बालक्लबले निर्णय गरेर शुल्क घटाउन वा निःशुल्क पनि सदस्यता दिन सक्दछ ।

**मेरो जस्तै अरू बालक्लबको पनि सदस्यतासम्बन्धी आ-आफ्नै फरक-फरक नियम हुन सक्दछन् ।**

मेरा सदस्यहरू निकै नै सक्रिय छन्। सदस्य बन्न कोही पनि नछुटुन् भनी प्रत्येक पल्ट क्लबमा आउँदा, सजिलोका लागि कामको विभाजन पनि गरिएको छ। मेरा सदस्यहरूले विभिन्न छ वटा समूह विभाजन गरेका छन्। ती निम्नबमेजिम छन् र निम्नानुसार काम पनि गर्छन् :

**प्रकाशन समिति** : भित्ते-पत्रिका प्रकाशनको लागि लेख-रचना संकलन गर्ने र भित्ते-पत्रिका प्रकाशन गर्ने ।

**आर्थिक समिति** : सदस्यता शुल्क र नाम दर्ता शुल्क संकलन गर्ने र कोषाध्यक्षलाई जिम्मा लगाउने ।

**सरसफाइ समिति** : क्लबका सबै सामान मिलाएर राख्ने र क्लब कोठालाई सफा राख्ने ।

**सम्बन्ध बिस्तार समिति** : अरू विभिन्न क्लब र संघसस्थासँग सम्बन्ध गाँस्ने र क्लबका कार्यक्रममा सहयोगका लागि अनुरोध गर्ने ।

**बालअधिकार समिति** : बालअधिकार र कर्तव्यका सम्बन्धमा चेतना जगाउने र बालअधिकार हनन्का घटनामा खबरदारी गर्ने।

**प्रतिभा प्रदर्शन समिति** : सबै सदस्यहरूमा लुकेर रहेको प्रतिभा प्रस्तुत गर्नका लागि वातावरण तयार पार्ने र यसका लागि समन्वय गर्ने ।

यी सबै काम गर्दा मेरा सदस्यहरू मिलेर गर्दछन्। त्यसैले उनीहरूलाई निकै सजिलो भएको छ। यदि कुनै समूहलाई गारो भएमा अर्को समूहलाई सघाउने पनि गर्दछन् । यदि निकै नै गारो भएमा सहयोगी दाजु र दिदीका साथै शिक्षक/शिक्षिकाको सहयोग पनि लिने गर्दछन् ।

एकचोटि त मेरा सदस्यहरू निकै थोरै थिए। यस्तो बेलामा सदस्यता कसरी बढाउने भन्ने छलफल गर्नका लागि उहाँहरूले भेला बोलाउनुभयो र छलफल गरी विभिन्न योजना तयार पार्ने काम भयो । त्यतिखेर उहाँहरूले तयार पार्नुभएका योजनाहरू यस्ता थिए :

- बालक्लबले गरेका राम्रा कामहरू र यसको सदस्य बन्ने तरिकाबारे साथीहरूलाई जानकारी गराउन शुक्रबार सबै कक्षामा बालक्लबका सदस्यहरूले छलफल गर्ने ।
- बालक्लबका सबै सदस्यहरूलाई (अझ नयाँ सदस्यहरूलाई) समान अवसर दिनका लागि सबै कार्यक्रमहरूमा सबैलाई पालो पाउने गरी बोल्ने र सहभागी हुने मौका दिने । यसबाट सदस्यहरू आफू पनि बालक्लबको एक हिस्सा हो भन्ने ठानी सक्रिय रूपमा सहभागी भएका थिए ।
- क्लबको आगामी भेला वा महिनाको प्रत्येक हप्ता भेला हुँदा कस्ता कार्यक्रम कसरी गर्ने र कसलाई जिम्मेवारी दिने भनी पहिले नै निधो गर्ने । यसले सदस्यहरूलाई महिनाभरि हुने कार्यक्रमको बारेमा पहिले नै थाहा भयो र बिस्तारै क्लबप्रति आकर्षण बढ्न थाल्यो ।
- बालक्लबको कार्यक्रममा कहिले विभिन्न किसिमका प्रतियोगिता, कहिले विभिन्न विषयमा अभिमुखिकरण, छलफल त कहिले मेरा सदस्यहरूलाई पढाइमा समस्या भएमा वा कक्षामा केही नबुझेमा ठूला सदस्यले साना सदस्यलाई बुझाउने पनि गर्न थाले। यसरी पनि बिस्तारै सदस्यहरू बढ्न थाले ।

- उनीहरूले मेरो प्रचार प्रसारको रूपमा विभिन्न ठाउँमा सडक नाटक देखाउन थाले । उनीहरूले सडक नाटक प्रस्तुत गर्ने क्रममा मेरो परिचय पनि दिन थाले र मेरो बारेमा धेरैले थाहा पाएको हुँदा बिस्तारै मेरा सदस्यहरू बढ्न थाले ।

यो कुराले मेरा सदस्यहरूले जुनसुकै बेलामा पनि नआत्तिकन अगाडि बढ्नुपर्छ भन्ने कुरा सिके र उनीहरूले आफ्नो काम निकै ध्यानपूर्वक र व्यवस्थित रूपमा गर्न थाले । यसले गर्दा मप्रति सबैको लगाव बढ्न थाल्यो र निरन्तर मलाई भेट्न थाले । त्यसैले त आज ५७ जना साथीहरू सदस्य हुनुहुन्छ र अझ नयाँ सदस्यहरूले सदस्यता मागिरहनुभएको छ ।



## संक्षिप्तमा

**सामान्यतया ८ देखि १८ वर्षभित्रका बालबालिकाहरू, जो निश्चित उद्देश्य प्राप्तिका लागि कुनै संघ/संस्था/क्लबमा लागेका हुन्छन्, हामी उनीहरूलाई नै सदस्य भनी बुझ्न सक्दछौं । यसरी सदस्य बन्नका लागि क्लबअनुसार नियम पनि फरकफरक हुन सक्छन् । जुन बालक्लबका सदस्यहरू मिली बनाउन सक्छौं । तर नियम जस्तो भए पनि क्लबका सदस्यहरू कुनै निश्चित उद्देश्य पूरा गर्न बालबालिका क्लबमा सहभागी भएका हुन्छन् ।**

**यसरी क्लबमा सदस्य भएका सबैजनालाई सक्रिय बनाउन विभिन्न समितिहरू बनाएर बालक्लबका विभिन्न कामहरूको जिम्मेवारी दिन पनि सक्छौं । सदस्य संख्या बढाउनका लागि विभिन्न प्रचारात्मक र आकर्षक उपायहरू अपनाउन सकिन्छ, तर यी उपायहरू सबै जना मिलेर सबैजना सक्रिय भएर मात्र सफल हुन्छ ।**



**तपाईंको बालक्लबका सदस्य र समितिहरूबारे बताउनुहोस् :**

- तपाईंको बालक्लबमा कति सदस्य छन् ? सदस्यहरू केटा कति र केटी कति जना छन् ? कुन-कुन जातजातिका छन् ?
- तपाईंको बालक्लबमा सदस्य बन्नका लागि के गर्नुपर्छ ?
- सदस्यहरूलाई सदस्यता-पत्र दिने र उनीहरूको रेकर्ड राख्ने गरेको छ कि छैन ?
- सदस्य भइसकेपछि उनीहरूले क्लबमा के-के काम गर्नु पर्दछ ? के तपाईंको बालक्लबमा विभिन्न समितिहरू छन्, छन् भने ती समितिहरूलाई सक्रिय बनाइएको छ ?
- सदस्य संख्या बढाउन तपाईंको बालक्लबले के-के गर्ने गरेको छ ?

# तीन

# आज बैठक छ



साथीहरू, आज मेरा (सयपत्री बालक्लब) सदस्यहरू बैठक बस्दै हुनुहुन्छ। हामीकहाँ हरेक शुक्रबार बैठक बस्ने नियम छ।

तपाईंहरूलाई जिज्ञासा होला- बैठक भनेको के हो ? मेरा सदस्यहरूले भनेअनुसार, बैठक भनेको कुनै पनि विषयमा छलफल गर्ने र निष्कर्ष निकाल्ने अनि सबैजना सहमत भएर अघि बढ्ने औपचारिक तरिका हो।

बैठकमा कहिले बालक्लबका कार्यसमितिका सदस्य साथीहरूमात्र र कहिलेकाहीँ सबै साधारण सदस्यहरू पनि उपस्थित हुन्छन्। उहाँहरूलाई बैठक कहिले र कुन विषयमा बस्दैछ भनेर सचिवले खबर गर्ने गर्नुहन्छ। बैठकमा के-के कुरामा छलफल गर्ने भनेर चाहिँ अध्यक्ष र सचिवले अरू साथीहरूसँग पनि सल्लाह गरेर तयार गर्नुहन्छ।

**मेरा सदस्यहरू बैठक बस्दा राम्रो तयारी गरेर बस्नुहन्छ। उहाँहरू यी-यी कुरामा तयारी गर्नुहुन्छ :**

- बैठकमा के के विषयमा छलफल गर्ने भनेर तयार गर्नु हुन्छ।

- बैठकमा कस-कसलाई बोलाउने भनेर तयार गर्नु हुन्छ ।
- बैठक बस्नका लागि सहभागीहरूलाई खबर गर्ने गर्नु हुन्छ ।
- बैठक बस्नका लागि विद्यालयमा प्रधानाध्यापक र संरक्षक शिक्षकलाई पनि जानकारी गराउनु हुन्छ र कक्षाकोठा मिलाइदिन अनुरोध गर्नु हुन्छ ।
- सचिवले अघिल्लो बैठकदेखि यो बैठकसम्म आइपुग्दा बालक्लबले गरेका र सहभागी भएका सबै गतिविधिको टिपोट बनाउनु हुन्छ ।
- कोषाध्यक्षले पनि बालक्लबमा आर्थिक अवस्था कस्तो छ भनी बताउनका लागि तयारी गर्नु हुन्छ ।

**मेरा सदस्यहरूले बैठक बस्ने पनि नियम नै बनाउनुभएको छ र सबैजनाले त्यो नियमलाई पालना गर्नु हुन्छ । उहाँहरूको नियम यस्तो छ :**

- सबैजना बालक्लबको कार्यक्रम तथा बैठकमा समयमा नै आउने ।
- बैठकको अध्यक्षता अध्यक्षले वा अध्यक्ष भएन भने उपाध्यक्षले र दुवै भएन भने उपस्थिति पदाधिकारीमध्ये सबभन्दा माथिल्लो पदाधिकारीले मात्र गर्ने ।
- बैठक बस्नका लागि कम्तीमा पनि आधाभन्दा बढी साथीहरूको उपस्थिति हुनुपर्ने ।
- बैठकमा निर्णय गर्नुपर्ने कुरामा सबैले छलफल गर्ने र आफ्ना मनका कुरा, विचार भन्ने । तर यसरी छलफल गरिरहँदा क्लबमा साथीहरूसँग आदरका साथ बोल्ने ।
- एक जना साथी बोलिरहेको बेलामा बीचमा नबोल्ने र केही कुरा सोध्नुपरेमा हात उठाएर सोध्ने ।
- सबैलाई बोल्न समान अवसर दिने ।
- क्लबको भेला चलिरहेको बेलामा हल्ला नगर्ने र कानेखुसी नगर्ने ।
- सबै निर्णय तथा निष्कर्ष व्यावहारिक रूपमा र बहुमतको आधारमा मात्र गर्ने ।
- क्लबको अध्यक्षले कसैको पक्ष लिएर वा भेदभाव गरेर छलफल गर्न नपाउने । बरू जुन सदस्यले फरक मत व्यक्त गरेका हुन्, उसले किन त्यस्तो भनिरहेको छ भनी बुझ्न प्रयास गर्ने र सकेजति सबैजनालाई सहमत गर्ने प्रयास गर्ने ।

- बैठकका सबै निर्णयहरू सचिवले वा सहसचिवले क्लबको माइन्युटमा लेख्ने र अन्तिममा पढेर सबैलाई सुनाउने। माइन्युट भनेको क्लबमा भएको छलफल र निर्णयहरूमात्र लेख्न भनेर तोकिएको कापी हो।
- त्यसपछि बैठकको अन्त्यमा बैठकको अध्यक्षले सबैजनालाई धन्यवाद दिँदै बैठक सकिएको घोषणा गर्ने।
- सबै सहभागीले माइन्युटको उपस्थितिमा र निर्णयमा सही गर्ने।

बैठकमा प्रस्ताव वा विषय कसरी छान्ने र त्यसलाई कसरी प्रस्तुत गर्ने ? यो निकै महत्वपूर्ण कुरा हो। मेरा सदस्यहरूले अहिलेसम्म बालबालिका र बालक्लबलाई व्यवस्थित गर्नका लागि नै प्रस्ताव तयार गर्ने गरेको पाएँ। जस्तैः क्लबमा सदस्यता सङ्ख्या कसरी बढाउने, कार्यक्रमहरू कुन-कुन र कहिले गर्ने ? यसरी प्रस्ताव तयार गर्दा अध्यक्ष एक्लैले तयार नगरी सबै सदस्यहरूको विचार तथा सहमति लिएर तयार गरिन्छ। यो प्रस्तावलाई बैठकको दिन सचिवले सबैका सामु प्रस्तुत गर्दछ र सबैको विचार बुझ्ने काम गरिन्छ। साथै सबैलाई बोल्ने मौका पनि दिइन्छ।



## संक्षिप्तमा

**कुनै पनि कुरामा निर्णयमा पुगनका लागि सबै सदस्यहरू मिलेर छलफल गरी निर्णयमा पुग्ने प्रक्रियालाई बैठक भनिन्छ। हरेक गतिविधि सञ्चालन गर्नका लागि त्यसको तोकिएको प्रक्रिया हुन्छ। बैठक बस्न र छलफल गर्नका लागि पनि बालक्लबका सदस्यहरूले तोकिएको प्रक्रिया पूरा गर्नुपर्ने हुन्छ। साथै बैठक बस्दाको नियम पनि पालना गर्नुपर्ने हुन्छ। यस्ता प्रक्रिया तथा नियमले बैठकलाई मर्यादित र सहज बनाएको हुन्छ। त्यसैले बैठक प्रक्रियाको महत्व सबैले बुझ्नु आवश्यक हुन्छ।**



## बैठकको निर्णय लेखन नमुनाः

आज मिति २०७१/०२/२२ गते शुक्रबारका दिन यस कुम्भेश्वर बालक्लबको अध्यक्ष श्री किशोर कटुवालको अध्यक्षतामा निम्नलिखित व्यक्तिहरूको उपस्थितिमा तलका प्रस्तावहरूमाथि छलफल गरी निर्णयार्थ बैठकमा पेश गरियो ।

उपस्थिति हस्ताक्षर

१.अध्यक्ष : श्री किशोर कटुवाल

२. उपाध्यक्ष : श्री निलिमा घिमिरे

३. सचिव : श्री प्रतिमा आलेमगर

४. कोषाध्यक्ष : श्री रेजिना लामा

५. सदस्य : श्री सफल घोरसैनी

६. सदस्य : श्री सुनिल तामाङ

७. सदस्य : श्री सुष्मिता नेपाल

८. सदस्य : श्री अनिता कार्की

९. सदस्य : श्री रीता वि.क.

विशेष उपस्थिति :

१. सिविसका सामाजिक परिचालकः श्री ईश्वरी निरौला २. संरक्षक शिक्षकः श्री सुशिला कार्की

प्रश्तावः

१. निबन्ध प्रतियोगिता गर्ने सम्बन्धमा २. विविध

निर्णयहरू :

१. प्रस्ताव नं. १(क)मा छलफल हुँदा यही मिति २०७१ साल जेष्ठ २९ गते बालश्रम विरूद्धको विश्व दिवसको अवसरमा यस बालक्लबद्वारा निबन्ध प्रतियोगिता सञ्चालन गर्न निम्न समिति पनि निर्माण गरियो –

१. प्रचार प्रसार– सुनिल तामाङ र सुष्मिता नेपाल

२. पुरस्कार व्यवस्थापन– निलिमा घिमिरे र सफल घोरासैनी

३. मूल कार्यक्रम व्यवस्थापन– किशोर कटुवाल र रेजिना लामा

प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र सान्त्वना स्थान हासिल गर्न सफल प्रतियोगीहरूलाई पुरस्कारको व्यवस्था गर्नका लागि सिविससँग अनुरोध गर्ने निर्णय गरियो ।

२. प्रस्ताव नं. २ को विविध विषय(क)मा छलफल गर्दा जुन १२को अवसरमा ललितपुर उपमहानगरपालिकाद्वारा मदन स्मारक माध्यमिक विद्यालयमा आयोजना हुन लागिरहेको चित्रकला प्रतियोगितामा भाग लिनका निम्न ३ जनाको नाम सिफारिस गर्ने निर्णय गरियो ।

चित्रकला प्रतियोगितामा भाग लिने प्रतियोगीहरूः

१. सफल घोरसैनी–कक्षा ८

२. अनिता कार्की–कक्षा ७

३. सुनिल तामाङ–कक्षा ७



**तपाईंको बालक्लबको बैठकको बारेमा पनि बताउनुहोस् :**

- तपाईंको क्लबमा बैठक कहिले-कहिले बस्ने गरेको छ ?
- बैठकमा को-को सहभागी हुन्छन् र खबर कसले गर्दछ ?
- बैठकको प्रस्ताव कसरी र कसले तयार पार्छ ?
- बैठकमा छलफल र निर्णय कसरी गर्ने गरिन्छ ?
- बैठकको निर्णय कसले, कहाँ र कसरी लेख्ने गरेको छ ?
- बैठक पहिला के-के तयारी गरिन्छ ?
- बैठक बस्ने नियमहरू के-के छन् र के त्यसको पालना हुने गरेको छ ?

# वार्षिक सम्मेलन र पुनर्गठन



मेरो जन्म भएको पनि एक वर्ष भइसकेछ। मेरो जन्म दिन मनाउन मेरा सदस्यहरू एउटा कार्यक्रम नै गर्न लागिरहेका छन् । यस कार्यक्रमको नाम वार्षिक उत्सव तथा पुनर्गठन समारोह दिएका छन् । यसलाई साधारणसभा पनि भनिने गर्दोरहेछ। बालक्लब सञ्चालनका लागि साधारणसभाको पनि भूमिका महत्वपूर्ण हुन्छ । यसमा मेरा सबै सदस्यहरूले भाग लिन पाउने छन्। यस्तो सभाको अध्यक्षता बालक्लबको अध्यक्षले गर्दैछन्। तपाईंहरूलाई थाहा छ आजको सम्मेलनको उद्घाटन गर्न हाम्रो स्कूलको प्रधानाध्यापक प्रमुख अतिथि बनेर आउनु हुन्छ । सिविसको दाजु र दिदीहरू पनि अतिथि भएर आउने भन्नुभएको छ । संरक्षक शिक्षक त झनै आइहाल्नुहुन्छ, किनभने वहाँ त मेरो (सयपत्री बालक्लब) अभिभावक हो नि ।

आज मेरो नयाँ कार्यसमिति पनि चुनिन्छ। एक वर्षसम्म निकै मेहनत गरी मलाई यो स्थानसम्म पुऱ्याउने मेरा सदस्यहरूलाई त मैले छोड्न नै मन लागेको छैन। तर मैले थाहा पाए कि, उहाँहरू त कार्यसमितिबाट मात्र हट्ने रहेछ । यदि सम्मेलनले उहाँहरूलाई चुनेमा फेरि कार्यसमिति सदस्यमा बस्न सक्नु हुने रहेछ ।

तपाईंहरूलाई कस्तो लाग्छ साथीहरू, यसरी सदस्य पुनर्गठन हुन ठीक हो वा बेठीक ? मेरो विचारमा त यो निकै राम्रो प्रक्रिया हो । कार्यसमितिमा नयाँ-नयाँ सदस्यहरू आएमा उनीहरूमा भएका नयाँ-नयाँ विचार प्रयोग गरेर मेरो उन्नति पनि गर्न सक्छन् । यसले गर्दा मेरा सदस्यहरूमा जस्तै सानै उमेरदेखि लोकतान्त्रिक वातावरणमा हुर्कन र त्यही वातावरणमा अभ्यास गर्ने पनि बानी बस्न जान्छ। सबै सदस्यहरूमा आफ्नो कामप्रति जिम्मेवारी उत्पन्न हुन्छ । सबै जनामा एकताको भावना उत्पन्न हुन्छ ।

साधारणसभा, सम्मेलन र पुनर्गठनमा कार्यसमिति मात्र परिवर्तन गर्ने नभएर अरू पनि थुप्रै काम हुने गर्दछ । यसका लागि मेरा सदस्यहरू निकै तयारी गर्दै छन् । तीमध्ये केही महत्वपूर्ण काम निम्नानुसार छन् :

- वर्षभरिमा क्लबले गरेका गतिविधि र पूरा गरेका कार्यक्रमहरूको समीक्षा गर्ने ।
- वार्षिक प्रतिवेदन पारित गर्ने ।
- बालक्लबको वार्षिक आयव्यय र बाँकी रकमको समीक्षा गर्ने ।
- बालक्लबका नीति, नियमहरू निर्माण गर्ने, परिमार्जन गर्ने र नियमहरू पारित गर्ने ।
- बालक्लबको वार्षिक कार्यक्रम र अनुमानित बजेट तयार गर्ने तथा त्यसको अनुमोदन गर्ने ।
- बालक्लबको कार्यसमितिका पदाधिकारीहरूको निर्वाचन गर्ने र आवश्यक भएमा उपसमितिहरू गठन गर्ने ।
- बालक्लबको उद्देश्य पूरा गर्न कार्यसमितिलाई निर्देशन तथा सुझाव प्रदान गर्ने ।

यस्तो सम्मेलन कम्तिमा वर्षको एकपटक बस्दछ र यदि कार्य समितिले आवश्यक ठाने कुनै पनि समयमा साधारणसभा बोलाउन सक्नेछ । अब हुन लागेको साधारणसभाका लागि मेरा सदस्यहरूले १५ दिनअगाडि नै सबै साधारण सदस्य र अतिथिहरूलाई कार्यक्रम हुने स्थान, समय तथा छलफलको विषयसमेत खबर गरिसकिएको रहेछ । यसो गर्दा उक्त कार्यक्रममा भाग लिन आउने मेरा साथीहरूलाई छलफलका लागि तयारी गरेर आउन सजिलो हुनेछ । यस्तो साधारणसभा हुनका लागि सम्पूर्ण सहभागी सङ्ख्याको ९० प्रतिशत उपस्थित हुनुपर्नेछ।

सो सङ्ख्या पूरा नभएमा सभा स्थगित हुनेछ र सात दिनभित्र पुनः बोलाउनु पर्नेछ। दोस्रो पटक सभा बोलाउँदा सहभागी सङ्ख्या, सदस्य सङ्ख्याको ६५ प्रतिशत मात्र उपस्थित भएमा पनि हुने रहेछ।

यस्तो साधारणसभामा मलाई स्थापना गर्न सहयोग गर्नुहुने विद्यालयका शिक्षक/शिक्षिका, सल्लाहकार, सहयोगी संस्थाका प्रतिनिधिले पनि भाग लिन पाउनु हुने रहेछ । तर उहाँहरूले निर्णय तथा मतदानमा भने भाग लिन भने पाउनु हुन्न। साथै प्रस्तावको विषयमाथि छलफल गर्दा उपस्थित सदस्यहरूको बहुमतबाट निर्णय गरिँदो रहेछ । यदि मत बराबर भएमा अध्यक्षले निर्णयात्मक मत दिई निर्णय गरिने रहेछ।

आज सबैजना आफूले गरेका कार्यक्रमहरूको बारेमा सुन्न र नयाँ कार्यसमिति चुन्न एकदमै उत्सुक छन् । मैले साथीहरूले सल्लाह गरेको सुनेँ, अबको कार्य समिति समावेशी बनाउनु पर्छ रे। उनीहरूले भनेको, यसमा बालिकाहरू, अपाङ्ग साथीहरू, दलित भनिएका साथीहरू, जनजाति आदिवासी समुदायका साथीहरू, अनि स्कूलमा पढ्ने मधेसी साथीहरू छन् भने उनीहरूलाई पनि राखेर सबैलाई समान रूपमा राख्ने रे।

कस्तो राम्रो हगी, म त साँच्चै सयपत्री भएछु। सबै खालका साथीहरू कार्यसमितिमा आएपछि सयपत्रीजस्तै भइन त म।

तर यो काम निकै गारो पनि छ। किनभने समावेशी भनेर जो पायो त्यसैलाई राख्न पनि हुँदैन रे। कार्यसमितिमा आउन त नेतृत्व, सीप र क्षमता भएका पनि चाहिन्छ रे। त्यसैले केही साथीहरू सल्लाह गर्दै थिए, कस्तो साथी कार्यसमितिमा चुन्ने भनेर। उनीहरूले भनेका केही कुराहरू यस्ता छन् :

**मिलनसार, नैतिकवान, मिहिनेती, धैर्यवान, इमानदार, वचनको पक्का, साहसी, निस्वार्थी, कर्तव्यनिष्ट र अरूको विचारको कदर गरी हौसला दिने।** अनि उनीहरूले भनेको, ती साथीहरूमा यी गुणहरू पनि हुनुपर्दछ रे : **सबैलाई जुटाएर काम गर्ने, अरूको कुरा ध्यान दिएर सुन्ने, निर्णय गर्न सक्ने, समस्याको ठीक पहिचान र समाधानको उपाय निकाल्ने, कामको मूल्याङ्कन गर्न सक्ने, विकास गतिविधिको जानकारी राख्ने, सबैलाई उत्प्रेरित गर्न सक्ने, सबैलाई समान व्यवहार गर्न सक्ने, सबै वर्गका बालबालिकाहरूको सामूहिक आवाज उठाउने।**

यदि कार्यसमितिको एकै पदमा तोकिएको भन्दा धेरै साथीहरू बस्न चाहेमा सहमतिबाट छनोट गर्ने वा चुनाव गर्ने रे, यदि भनेको जति साथीहरू मात्र भएमा त्यसलाई सर्वसम्मतिले चुन्ने ।

उनीहरूले आज निर्वाचन गर्ने कार्यसमितिको विवरण यस्तो छ : अध्यक्ष १ जना, उपाध्यक्ष २ जना (१ बालिका, १ बालक), सचिव १ जना, सहसचिव १ जना, कोषाध्यक्ष १ जना र सदस्यहरू ९ जना गरी जम्मा १५ जना । तर उनीहरूले भनेको अध्यक्ष, सचिव र सदस्य गरेर कम्तीमा पनि १० जना घरेलु बालश्रमिक साथी राख्ने रे ।

अनि तपाईंहरूको के छ त विचार ? मलाई मेरो जन्म दिनको अवसरमा शुभकामना दिन आउने होइन त ? तपाईंहरू सबै जनालाई निम्ता छ है ।



## संक्षिप्तमा

**कुनै संघसंस्था आदिका साधारण सदस्यहरूको सहभागितामा नियमित रूपमा सञ्चालन हुने वा हुनुपर्ने बैठक नै साधारणसभा हो । साधारणसभाले बालक्लबको कार्यक्रमको समीक्षा गर्ने, आगामी योजना बनाउने र नयाँ नेतृत्व चुन्ने काम गर्दछ । नेतृत्व समावेशी र लोकतान्त्रिक हुनुपर्दछ ।**

**बालक्लबमा अगुवाई गर्नेलाई नेतृत्व भनिन्छ । कुनै पनि सामूहिक र व्यक्तिगत लक्ष्य र उद्देश्य प्राप्त गर्न अगुवाई गर्ने, सहजीकरण गर्ने, निर्णय दिने वा लिने, सहभागी हुने, स्पष्टवक्ता हुनेजस्ता कुराहरू नेतृत्व विकासभित्र पर्दछन् । मानिसको व्यक्तित्व विकासमा नेतृत्वको सीपले धेरै महत्व राख्दछ । आफ्नो गाउँ, ठाउँ र समुदायमा परिवर्तन ल्याउन र बालअधिकार सुनिश्चित गर्न बालक्लबका सदस्यहरूले नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्ने हुन्छ । बालबालिकामा हुने नेतृत्व विकासले बालबालिकालाई आजै र भोलिका दिनहरूमा पनि आफू र आफ्ना साथीहरूलाई आइपर्ने समस्याहरू समाधान गर्न सहयोग गर्छ । त्यसैले नेतृत्व एउटा सीप हो, जसलाई सबैले सिक्नु आवश्यक छ ।**



**तपाईंको बालक्लबको सम्मेलनको बारेमा पनि बताउनुहोस् :**

- के तपाईंको बालक्लबमा वार्षिक साधारणसभा हुन्छ ? पछिल्लोपटक कहिले भएको थियो ?
- त्यस्तो साधारणसभामा के-के कामहरू हुने गर्दछ ?
- तपाईंको साधारणसभाबाट चुनिएको नेतृत्वमा को, के र कति जना हुनु हुन्छ ?
- के तपाईंको बालक्लबको कार्यसमिति समावेशी छ ? छैन भने अब समावेशी बनाउन के गर्नु हुन्छ ?
- तपाईंको बालक्लबमा नेतृत्व गर्ने सदस्यहरू व्यवहारमा कस्ता हुनुहुन्छ ?



# एक पटक फेरि सम्झनुहोस्

बालक्लब भनेको बालबालिकाको हक अधिकार संरक्षित गर्न र यस सम्बन्धी जनचेतना जगाउनका लागि बालबालिकाहरू मिलेर बनेको बालबालिकाको सङ्गठन हो । यस्ता बालक्लबहरू नेपालका थुप्रै ठाउँमा स्थापना भएका छन्। तर बालक्लबहरू स्थान विशेष अनुसार कतै कतै स्कूलको सहयोग लिएर स्कूलमा त कतै समुदायको सहयोग लिएर समुदायमा पनि स्थापना भएको हुन्छ। यसरी बालक्लबहरूका आफ्ना उद्देश्य प्राप्तीका लागि तथा बालक्लब सजिलो गरी सञ्चालन गर्नका लागि विभिन्न कार्ययोजना तथा नियमहरू पनि बनाएका हुन्छन् र नियमित रूपमा भेला भइ छलफल गर्ने र कार्यक्रमहरू आयोजना गर्ने गर्छन् ।

# आभार

प्यारा भाइबहिनीहरू,

बालसहभागीता बालबालिकाको महत्वपूर्ण अधिकार हो । बालसहभागीतालाई प्रवर्द्धन गर्ने माध्यमको रुपमा बालक्लब एउटा महत्वपूर्ण स्थान हो । समुदाय तथा विद्यालयमा भएका कुनै न कुनै बालक्लबमा तपाईंहरू पनि आबद्ध भई बालबालिकाका अधिकार सम्बन्धी विभिन्न कार्यक्रम गरिरहनु भएको होला । यसरी बालक्लबमा आबद्ध भई बालक्लबको व्यवस्थापन, श्रोत परिचालन र कार्यक्रमहरू गर्दा थुप्रै समस्याहरू पनि भोग्नु भएको होला ।

सिविसले पनि विद्यालय तथा समुदायसँग मिलेर थुप्रै बालक्लबहरूको सहजीकरण गरेको कुरा भाइबहिनीहरूलाई थाहै छ । बालक्लबमा रहेर कामहरू गर्दा भाइबहिनीहरूलाई पर्ने समस्याको निराकरण गर्न तथा सहजीकरण गर्न भाइबहिनीहरूकै सहयोग र सुझावमा सिविसले बालक्लब सञ्चालन सहयोगी पुस्तिका तयार गरी विद्यालयमा तथा समुदायमा रहेका बालक्लबहरूमा बितरण गरेको थियो। सो पुस्तिकालाई भाइबहिनीहरूले असाध्यै मन पराउनु भएको छ। बालक्लब व्यवस्थापन, श्रोत परिचालन र कार्यक्रम सञ्चालनका लागि यो पुस्तिका अति उपयोगी भएको कुरा सुझाव गरे अनुसार प्रस्तुत बालक्लब सञ्चालन सहयोगी पुस्तिकाको दोश्रो संस्करण प्रकाशित गर्न गइरहेका छौं । आशा छ, बालसहभागीताको प्रवर्द्धन र बालक्लब सञ्चालनमा यसले भाइबहिनीहरूलाई सहयोग गर्ने छ ।

अन्तमा, यो पुस्तिकाको दोश्रो संस्करण प्रकाशन गर्न संयोजन गर्नु हुने सिविसका कार्यक्रम संयोजक प्रेम घिमिरे लगायत सिविसका सम्पूर्ण साथीहरूलाई हार्दिक धन्यवाद व्यक्त गर्न चाहान्छु । साथै यस पुस्तिकालाई पुनः प्रकाशनका लागि आर्थिक सहयोग प्रदान गर्नु हुने साझेदार संस्था इन्टरपेडिया फिनल्याण्ड प्रति हार्दिक आभार व्यक्त गर्दै यहाँहरूको सुझाव र सल्लाहको अपेक्षा गर्दछु ।

बिमला ज्ञवाली<br>
अध्यक्ष<br>
सिविस

| | | |
|---|---|---|
| पुस्तिकाको नाम | : | बालक्लब सञ्चालन सहयोगी पुस्तिका भाग १ (संगठन व्यवस्थापन) |
| प्रकाशक | : | समाज सेवा तथा मानवअधिकारमा महिला र बालबालिका (सिविस) |
| पोष्ट बक्स नं | : | २१४३३, काठमाडौं, नेपाल |
| फोन | : | ४७८४५४५, ४७८०४४६ |
| प्रकाशन सहयोग | : | Interpedia, Finland |
| सर्वाधिकार | : | सिविस |
| प्रथम संस्करण | : | २००७ नोभेम्बर |
| दोश्रो संस्करण | : | २०१४ नोभेम्बर |
| प्रकाशित संख्या | : | ५०० |
| संयोजन | : | कमल चापागाईं |
| दोस्रो संस्करणका लागि संयोजन | : | प्रेम घिमिरे |
| लेखन | : | सन्तोष महर्जन र सन्जोग ठकुरी |
| भाषा सम्पादन | : | विवश वस्ती |
| परिकल्पना | : | मिलन धरेल |
| सल्लाह सुझाव | : | श्री बिमला ज्ञवाली<br>श्री शान्ति अधिकारी |
| चित्र | : | बासु क्षितिज |
| साजसज्जा | : | टाइम्स क्रियशन, पुतली सडक |
| छपाइ | : | द प्रेस अनलिमिटेड |

# संगठन व्यवस्थापन



## विषय सूची


| | |
|---|---|
| नमस्कार | १ |
| सदस्य र समिति | ५ |
| आज बैठक छ | १० |
| वार्षिक सम्मेलन र पुनर्गठन | १५ |